नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रसुवा

# जिल्लास्तरीय कोभिड-१९ संकट व्यवस्थापन केन्द्र, रसुवा

## DISTRICT CORONA CRISIS MANAGEMENT CENTER, RASUWA (DCCMC)

बैठक संख्या:- ९, स्थान :- जिल्ला समन्वय समिति, रसुवा

आज मिति २०७६/०२/१६ गते विशेष आमन्त्रित महानुभाव र सल्लाहकार समूहको उपस्थितिमा जिल्लास्तरीय कोभिड संकट व्यवस्थापन केन्द्र (DCCMC) का संयोजक श्री हरि प्रसाद पन्तज्यूको संयोजकत्वमा कोभिड-१९ रोकथाम तथा नियन्त्रणको लागि निम्न विषयहरुमा छलफल गरी देहाय बमोजिमका निर्णहरु गरियो।

**सल्लाहकार समूहः**

| | |
|---|---|
| श्री कूल प्रसाद भट्ट | प्रमुख- जिल्ला समन्वय समिति, रसुवा |
| श्री भवानी प्रसाद न्यौपाने | गाउँपालिका महासंघ, प्रदेश सदस्य |

**विशेष आमन्त्रितः**

| | |
|---|---|
| श्री कर्न्याल लामा | अध्यक्ष, नेपाल कम्युनिष्ट पार्टी(ने.क.पा.), रसुवा |
| श्री पेम्बा छिरिङ तामाङ | सभापति, नेपाली काँग्रेस, रसुवा |
| श्री कैसाङ नुर्पु तामाङ | अध्यक्ष, गोसाईकुण्ड गाउँपालिका |
| श्रीमती सीता अधिकारी पौडेल | अध्यक्ष, कालिका गाउँपालिका |
| श्री उपेन्द्र लम्साल | अध्यक्ष, उत्तरगया गाउँपालिका |
| श्री नुर्वु स्याङवो घले | अध्यक्ष, नौकुण्ड गाउँपालिका |
| श्री बुचुङ तामाङ | अध्यक्ष, आमाछोदिङमो गाउँपालिका |
| श्री रामशरण कुईकेल | अध्यक्ष, रसुवा अस्पताल व्यवस्थापन समिति |

**जिल्ला समितिः**

| | | | |
|---|---|---|---|
| श्री हरि प्रसाद पन्त | प्र.जि.अ. | जिल्ला प्रशासन कार्यालय | संयोजक |
| श्री मीना अर्याल | जि.स.अ. | जिल्ला समन्वय समितिको कार्यालय | सदस्य |
| श्री सविन्द्र नगरकोटी | प्र.से. | कालीजंग गण | सदस्य |
| श्री इन्द्रप्रसाद सुवेदी | प्र.ना.उ.- | जिल्ला प्रहरी कार्यालय | सदस्य |
| श्री किरण पौडेल | स.प्र.ना.उ. | स.प्र.व.ल.नेपाल नं.२० गुल्म धुन्चे | सदस्य |
| श्री लक्ष्मण थापा | स.प्र.ना.उ. | स.प्र.व.ल.नेपाल, नं.२१ गुल्म टिमुरे | सदस्य |
| श्री देवेन्द्रराज उप्रेती | प्र.अ.अ. | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय | सदस्य |
| श्री किरण श्रेष्ठ | ज.स्वा.अ. | स्वास्थ्य कार्यालय, रसुवा | सदस्य |
| श्री अनिल खरेल | नि.मे.सु. | रसुवा अस्पताल, रसुवा | सदस्य |
| श्री सुपना कुमारी भट्टराई | स.प्र.जि.अ. | जिल्ला प्रशासन कार्यालय, रसुवा | सदस्य-सचिव |

**आमन्त्रितः**

| | | |
|---|---|---|
| श्री अर्जुन खड्का | प्रमुख प्रशासकीय अधिकृत | उत्तरगया गाउँकार्यपालिका |
| श्री प्रकाश अधिकारी | प्रमुख प्रशासकीय अधिकृत | कालिका गाउँकार्यपालिका |

**निर्णयहरुः-**

१. कोभिड-१९ को रोकथाम तथा नियन्त्रण सम्बन्धमा जिल्लास्तरीय कोभिड संकट व्यवस्थापन केन्द्रबाट भएका निर्णयहरुको कार्यान्वयन प्रगति समिक्षा गरियो।

२. कोभिड-१९ संकट व्यवस्थापन सञ्चालन केन्द्र, छाउनी काठमाण्डौंको पं.सं. ०७६/७७/२१, मिति २०७७/०२/१५ गतेको पत्रबाट प्राप्त निर्देशन बमोजिम यस जिल्लामा रसुवा अस्पताल र जिवजिवे ग्रामिण अस्पतालले स्थानीय तहसँग समन्वय गरी Dedicated Ambulance र शब वाहनलाई तयारी अवस्थामा राख्ने।

३. यस जिल्लामा प्रवेश गर्ने व्यक्तिहरुको संख्यालाई मध्यनजर गर्दै ५ वटै गाउँपालिकाहरुमा क्वारेन्टिनको संख्या आवश्यकता अनुसार थप गर्ने र नेपाल सरकारले तोकेको मापदण्ड बमोजिम क्वारेन्टिनहरुको व्यवस्थापनलाई प्रभावकारी बनाउने।

४. भारत लगायत तेस्रो मुलुकहरुबाट यस जिल्लामा प्रवेश गर्ने स्थानीय व्यक्तिहरुबाट संक्रमणको जोखिम कम गराउन यसरी प्रवेश गर्ने व्यक्तिहरुको स्थायी ठेगाना अनुसार सम्बन्धित गाउँपालिका/वडाहरुले जिम्मा लिई निजहरुलाई सम्बन्धित गाउँपालिकाहरुको पायक पर्ने स्थानको क्वारेन्टिनमा राखी RDT, RT-PCR परीक्षण पश्चात मात्र निजहरुलाई घर पठाउने व्यवस्था मिलाउने।

५. यस जिल्लामा सञ्चालित विकास निर्माण आयोजनाहरुको निर्माण कार्य नियमित रुपमा सञ्चालन गर्न सम्बन्धित आयोजनाहरुले सम्बन्धित स्थानीय तहसँग समन्वय गरी निर्माण कार्य सञ्चालन गर्ने/गराउने।

६. विद्युत तथा सडक आयोजनाहरुको निर्माण सामग्री ढुवानी सम्बन्धमा पूर्ववत निर्णयहरुलाई कार्यान्वयन गर्ने।

७. गृह मन्त्रालय, शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखाको च.नं. ३९५७ मिति २०७७/०२/१४ गतेको पत्रबाट निर्देशन भए बमोजिम अस्पतालका बिरामी, अस्पतालमा कार्यरत स्वास्थ्यकर्मी तथा अन्य कार्यालयहरुका कर्मचारीहरुलाई कोभिड-१९ को संक्रमण देखिएमा पुरै अस्पताल/कार्यालय सिल नगरी बिरामी भेटिएको वार्ड/कोठा/विभागलाई सिल गर्ने र सिल गरिएको वार्ड/कोठा/विभागलाई ४ घण्टा खाली राखी Disinfection गर्ने Disinfection पश्चात वार्ड/कोठा/विभागलाई पूर्ववत ढंगबाट सुचारु गर्ने संक्रमितहरुलाई आईसोलेशन कक्षमा राखी उपचार गर्ने र संक्रमित भएको कर्मचारीहरुलाई आवश्यकता अनुसार क्वारेन्टिन वा आईसोलेशनमा राखी कार्यालयको सेवा नियमित रुपमा सञ्चालन गर्ने व्यवस्था मिलाउने।

८. स्वयं-एकान्तवास(Self-Quarantine) र एकान्तवास(Quarantine) मा बसेका व्यक्तिहरुको RDT र RT-PCR परीक्षणको लागि रसुवा अस्पतालसम्म ल्याउन र RT-PCR को लागि स्वाव संकलन गरी प्रयोगशालासम्म पुर्याउनका लागि सम्बन्धित गाउँपालिका/वडाले रसुवा जिल्ला अस्पतालसँग समन्वय गरी एम्बुलेन्स लगायतको आवश्यक व्यवस्था मिलाउने।